# धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८१ साल पुष महिना २ गते मंगलबार)

यस विकास बैंकको शाखा कार्यालय लहानबाट तपशिलमा उल्लेखित ऋणीले व्यावसायिक आवधिक कर्जा शिर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमका बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने सावां ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ। उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले ८ औँ दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले ८ औ दिनको कार्यालय समय भित्र यस बैकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ।

## तपशिल

### ऋणीको विवरण

नाम : **धनगढी माई एग्रो फर्म** प्रोप्राइटरको नाम : कुलदिप महतो प्रा.फ.न.घ.उ.सि. : ८७०४/०७५/७६
जारी गर्ने कार्यालय : उद्योग विकास शाखा लहान, सिराहा दर्ता मिति : २०७५/०६/१६
रजिष्टर्ड ठेगाना : सिरहा जिल्ला धनगढीमाई न.पा. वडा नं. १० स्थायी लेखा नं. : ६०८५६६६९८

### व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१. भरोसी महतोको नाति योगेन्द्र महतोको छोरा सिराहा जिल्ला विष्णुपुरकट्टी वडा नं. ९ हाल, धनगढीमाई न.पा. वडा नं. ३ बस्ने **कुलदिप महतो** (ना.प्र.नं : १५२०२१/१३०११, जारी मिति र जिल्ला : २०६९/१२/२२, सिरहा)

२. नन्दु महतोको नाति भरोसी महतोको छोरा सिराहा जिल्ला विष्णुपुरकट्टी गा.वि.स. वडा नं. ९ हाल, धनगढीमाई न.पा. वडा नं. ३ बस्ने **योगेन्द्र महतो** (ना.प्र.नं : ३४५२०/१६३१३४६७, जारी मिति र जिल्ला : २०५८/१२/०२, सिरहा)

३. मानविर महतो कोइरीको छोरी योगेन्द्र महतोको बुहारी कुलदिप महतोको पत्नी सिराहा जिल्ला धनगढीमाई न.पा. वडा नं. ३ बस्ने **आशा कुमारी महतो** (ना.प्र.नं : १५-०१-७५-१२२९८, जारी मिति र जिल्ला : २०७५/१०/२९, सिरहा)

४. भरोसी महतोको नाति योगेन्द्र महतोको छोरा सिराहा जिल्ला धनगढीमाई न.पा. वडा नं. ३ बस्ने **अजित कुमार महतो** (ना.प्र.नं : १५-०१-७८-०४६५६, जारी मिति र जिल्ला : २०७८/०५/२३, सिराहा)

५. पंच लाल महतोको छोरी भरोसी महतोको बुहारी योगेन्द्र महतोको पत्नी सिराहा जिल्ला हनुमानगर वडा नं. ९ हाल, धनगढीमाई न.पा. वडा नं. ३ बस्ने **पालसो कुमारी कोईरीनी** (ना.प्र.नं : ६३५/१४४, जारी मिति र जिल्ला : २०४६/१२/१२, सिराहा)

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :**

१) मिति २०८१/०४/२२ को नयाँ पत्रिका राष्ट्रिय दैनिकमा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको।
२) मिति २०८१/०६/१५ को कारोबार दैनिक राष्ट्रिय पत्रिकामा धितो लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको।
३) मिति २०८१/०७/३० को राजधानी दैनिक राष्ट्रिय पत्रिकामा धितो लिलाम बिक्री सम्बन्धी १५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको।

**धितो सुरक्षण सम्बन्धी विवरण :** उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

| धितोधनीको नाम | धितोको ठेगाना | सिट नं. | कि.नं. | क्षेत्रफल (व.मि.) |
|---|---|---|---|---|
| पालसो कुमारी कोईरीनी | सिराहा जिल्ला नैनपुर वडा नं. ५ | ५ख | १४६३ | ५७९.८८ |
| | | | १४६५ | ६७.७२ |
| योगेन्द्र महतो | सिराहा जिल्ला नैनपुर वडा नं. ५ | ५ख | २०२१ | ८१२.७० |
| | | | १४५ | ३३८.६३ |

### शर्त बन्देजहरु :

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन अर्थात मिति २०८१/०९/०८ गते सोमबार भित्र यस बैकको शाखा कार्यालय लहान आईपुग्ने गरि पेश गर्नुपर्ने छ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४) प्राप्त बोलपत्रहरु मिति २०८१/०९/०९ गते मंगलबार अर्थात ८ औ दिन दिउसो १:०० बजे यस बैकको शाखा कार्यालय लहानमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ।
६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ